समुदायिक सदस्य हित-कमिटेड
(Community Members Interested-COMMITTED)
४००/४१, कमलादी सडक
काठमाडौं, नेपाल
फोन न.०१/४२५९७५९,४२२१५०७

## सवारी साधान लिलाम विक्रीको लागि सिलाबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७७/११/११)

यस संस्थाले प्रयोग गर्दै आएको निम्न सवारी साधन जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम बढाबढ गरी विक्री गर्नको लागि यो सुचना प्रकाशीत गरिएको छ । उल्लिखित सवारी साधन लिलामीको प्रक्रियाबाट खरीद गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाबाट यो सूचना प्रथम पटक प्रकासी भएको मितिले १५ दिन अर्थात् मिति २०७७/११/२५ गते कार्यालय समय भित्र तथा सो दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट वा कार्यालय खुलेको दिन कार्यालय समयसम्म अर्थात् बेलुकी ५:०० बजे भित्र यस संस्थाको कार्यालय कमलादी, काठमाडौं आइपुग्ने गरी गोप्य सिलाबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । बोलपत्र निर्धारित शुल्क तिरेर संस्थाबाट प्राप्त गर्न सकिने छ ।

१. बोलपत्र खरिद गर्ने मिति २०७७/११/११ गतेदेखि २०७७/११/२५ गते १२:०० बजेसम्म ।

२. बोलपत्र बुझाउने अन्तिम मिति २०७७/११/२५ गते ५:०० बजेसम्म ।

३. बोलपत्र खोल्ने मिति २०७७/११/२६ गते २:०० बजे ।

४. बोलपत्र फारमको मूल्य रु.१०००।- फिर्ता नहुने गरी कायम गरिएको छ ।

५. न्यूनतम मुल्याङ्कित रकम **रु.२२,८०,०००।-**(बाईस लाख असी हजार रुपया मात्र)

## सवारी साधनको विवरण

| | | | |
|---|---|---|---|
| सवारी साधन दर्ता नम्बर | Baa 90 Pa 9077 | च्यासीस न. | MA1TYMMNG2C30818 |
| उत्पादन कम्पनीको नाम | Mahindra and Mahindra | इन्जिन नम्बर | MMG4C14711 |
| मोडेल नं | Mahindra Scorpio Pickup DC 4WD AB sc ABS | रंग | A3D5AT SLVR |
| बनेको बर्ष | 2016 | उत्पादन भएको देश | India |

### बोलपत्रसाथ संलग्न गर्नुपर्ने कागजात तथा शर्तहरु

१.कबोल अङ्क को १०% धरौटी रकम Community Members Interested, को Citizen Bank International Limited धरौटी खाता नम्बर 0010100002903201 मा रकम बुझाएको सक्कल भौचर-१(एक)

२.व्यवसायिक फर्म वा व्यक्तिको विवरण खुल्ने व्यवसाय दर्ता फर्म र व्यक्तीको हकमा नागरिकताको प्रतिलिपि-१(एक)

३.कुनै पनि शर्त राखी पेश गरिको बोलपत्र मान्य हुनेछैन ।

४.कार्यालयमा खरीद गरिएको बोलपत्र फारममा आफुले सकार गर्ने दररेट भरी यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५औं दिनको बेलुकी ५:०० बजेभित्र कार्यालयमा दर्ता भएको हुनुपर्नेछ ।

५.बोलपत्र फारममा सवारीसाधनको मुल्य खोली फारम बापत रकम बुझाएको सक्कलै भौचर, बोलपत्र अङ्कको १०% धरौटी रकमको बुझाएको भौचर समेत राखी खाम बन्द गरी खामको बाहिर कामको विवरण, बालपत्रको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई सिल छाप गरी संस्थाको कार्यालयमा दर्ता गरी पेश गर्न सकिनेछ ।

६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७.लिलामबाट सकार गरेको सवारीसाधनको नामसारी प्रचलित ऐन नियमाअनुसार नामसारी दर्ता गराउने कार्य निज लिलाम सकार गर्नेको नै हुनेछ ।

९.सबैभन्दा बढी अङ्क कबोल गर्नेको बोलपत्र स्वीकृत भएपछि सकारकर्ताले १५ दिनभित्र सवारीसाधनको नामसारी नगरेमा धरौटी जफत गरी क्रमशः दोस्रो, तेस्रो वा चौथो बढीवालाको कबोल अङ्क स्वीकृत गरिनेछ ।

१०.इच्छुक व्यक्तीले सवारी साधन हेर्न चाहेमा र आवश्यक थप जानकारीको लागि फोन नं. ०१४२२१५०७ मा सम्पर्क गर्न सकिनेछ ।

११.यसमा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

१२.बोलपत्र खोल्ने समयमा बोलपत्र पेश गर्ने व्यक्ति वा फर्मका प्रतिनिधि कार्यालयमा कार्यालयमा उपश्थित हुन अनुरोध गरिएको छ तर यसरी उपश्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।